| २०७७ बैशाख १ देखि असोज ५ गते सम्मका विपद्का मुख्य घट्नाहरुको विवरण | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| पहिरो | | | बाढी | | | चट्याङ्ग | | | कुल जम्मा | | |
| मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते |
| २७२ | ६४ | २०६ | ३९ | ३६ | ११ | ६४ | ० | २०३ | **३७५** | **१००** | **४२०** |
| **२०७७ जेठ ३० मनसुन सुरु भएदेखि असोज ५ गते सम्मका विपद्का मुख्य घट्नाहरुको विवरण** | | | | | | | | | | | |
| पहिरो | | | बाढी | | | चट्याङ्ग | | | कुल जम्मा | | |
| मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते |
| २७० | ६४ | २०५ | ३६ | ३५ | ९ | ३४ | ० | ८४ | **३४०** | **९९** | **२९८** |
| **२०७७ असोज ५ देखि ६ गते विहान १० बजेसम्म मृत्यु भएकाहरुको विस्तृत विवरण** | | | | | | | | | | | |
| पहिरो | | | बाढी | | | चट्याङ्ग | | | कुल जम्मा | | |
| महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| ० | १ | **१** | ० | ० | **०** | ० | १ | **१** | **०** | २ | **२** |

# दैनिक विपद् बुलेटिन

५ असोज विहान १०:०० बजेदेखि ६ असोज बिहान १०:०० बजेसम्म

**नेपालमा** विभिन्न जिल्लामा गरेर आज २ स्थानमा **चट्याङ्ग,** १ स्थानमा **आगलागी,** १ स्थानमा **अबिरल वर्षा,** १ स्थानमा **पहिरो**का घटना घटेका छन् । यी घटनामा परेर २ जनाको **मृत्यु,** १ जना **बेपत्ता,** १ जना **घाईते** भएको छ । **आगलागी**का कारण ६ **लाख रुपैंया** बराबरको धनमाल क्षति भएको छ ।

| मृत्यु संख्या | हराएको | घटना संख्या | घाइते | अनुमानित क्षति रु | सडक अवरोध | चौपाया क्षति |
|---|---|---|---|---|---|---|
| २ | १ | ५ | १ | ६,००,००० | ० | ८ |

## घट्ना सारांश

- **मुलुकभर** गएको २४ घण्टामा विपद्का **५** वटा घट्ना भएका छन् ।
- **गुल्मी**को ईश्मा गाउँपालिका वडा नं २ रातचौरमा **पहिरो** आई **२ जना पुरिएर बेपत्ता** भएकोमा खोज तलास गर्दा **१ जनाको शव फेला,** अर्को १ जनाको खोजी कार्य जारी ।
- **लमजुङ्ग**को बेशिसहर नगरपालिका वडा नं ६ पुमागाउँस्थित घरमा बसिरहेको अवस्थामा अचानक **चट्याङ्ग** लागि घाईते भएका **१ जनालाई** उपचारको लागि जिल्ला सामुदायिक अस्पताल लमजुङ ल्याईएकोमा उपचारको क्रममा **मृत्यु** ।
- **प्युठान**को झिमरुक गाउँपालिका वडा नं २ काडापानीमा बर्षासंगै परेको **चट्याङ्ग** लागि बर्ष ११ की **१ बालिका घाईते** ।
- **स्याङ्जा**को अर्जुनचौपारी गाउँपालिका वडा नं २ खाल्टेस्थित एक कच्ची गोठ **बर्षात**को कारण भत्किन जादा गोठभित्र रहेको १ वटा भैंसी, १ वटा पाडो र ४ वटा बाख्राको मृत्यु हुँदा **६ लाख रुपैंया** बराबरको क्षति ।

## घट्ना सारांश...

- **कैलाली**को चुरे गाउँपालिका वडा नं ६ मुसेचौर स्थित एक गाई गोठमा अचानक **आगलागी** हुँदा गोठमा रहेको २ वटा गोरुको मृत्यु ।

## प्रतिकार्य

- सुरक्षा निकायको टोलीबाट चट्याङ्ग लागि घाईते भएकाको उद्धार गरी नजिकैको स्वास्थ्य उपचार केन्द्रमा पठाइएको, पहिरोमा परी बेपत्ता भएकाको खोजी कार्य जारी, स्थानीयको सहयोगमा आगलागी नियन्त्रणमा लिइएको ।

## बाढी पूर्वानुमान

**आज असोज ६ गते रातीबाट देशका सबै नदीमा बहाव बढ्ने र असोज ७ ,८ ,९ र १० गते देशैभरका नदीमा बहाव उच्च हुने (सतर्कता तलै हुने भएपनि सामान्य अबस्थाबाट एक्कासी बढ्ने) पूर्वानुमान रहेकोले असोज ११ गते सम्म नदी तटिय क्षेत्रका कृयाकलाप नगर्न वा गर्नुपरेमा अति उच्च सतर्कता अपनाउन हुन अनुरोध छ ।**

**असोज-०६ (मंगलबार) (विहान ७ बजे देखि २४ घण्टा)**

- **आज कोशी, नारायणी, कर्णाली, महाकाली र यसका सहायक नदीमा बहाव बढ्ने तथा सवैमा बहाव सतर्कता भन्दा तलै हुने पूर्वानुमान छ ।**
- **आज कन्काई, कमला, बागमती, पश्चिम राप्ती, बबई र यसका सहायक नदीमा बहाब बढ्ने तर सबैमा सतर्कता भन्दा तलै हुने पूर्वानुमान छ । तर कन्काई, बागमती, तिनाउ, बाणगंगा, पश्चिम राप्ती, बबईका केही स-साना सहायक नदीमा बहाव बढ्ने र केहीमा आकस्मिक बहाव हुन सक्ने पूर्वानुमान छ ।**
- **आज प्रदेश १ को ईलाम, झापा, मोरङ, सुनसरी, धनकुटा, उदयपुर, प्रदेश २ को ससरी, सिराहा, धनुषा, बागमती प्रदेशको दोलखा, सिन्धुली, मकवानपुर, सिन्धुपाल्चोक, नुवाकोट, धादिङ, चितवन, गण्डकी प्रदेशको गोरखा, लमजुङ, तनहूँ, कास्की, पर्बत, म्याग्दी, बागलुङ, स्याङजा, नवलपुर, प्रदेश ५ को पाल्पा, गुल्मी, अर्घाखाँची, रोल्पा, रूकुम, प्यूठान, दाङ, बाँके, बर्दिया, कर्णाली प्रदेशको सल्यान, सुर्खेत, दैलेख, जाजरकोट, सुदुरपश्चिम प्रदेशको कैलाली, कञ्चनपुर, बैतडी र आसपास जिल्ला भई बहने केही स-साना नदी जलाधारका केही स्थानमा क्षणिक मध्यम बर्षा भई बहाब केही बढ्ने केही स-साना नदीमा आकस्मिक बहावको संभावना रहेको छ ।**


**नोट :पहेलो रङले मध्यम जोखिम रहेको संकेत गर्छ। रातो रङले उच्च जोखिमको संकेत गर्छ।**

**थप जानकारीका लागि जल तथा मौसम विज्ञान विभागको वेभसाइटः[http://hydrology.gov.np/](http://hydrology.gov.np/)**

## वर्षाको सारांश

असोज ०५ गते बिहान ०८:४५ बजे देखि असोज ०६ गते ०८:४५ बजे सम्म

आज मिति २०७७/०६/०६ गते बिहान ०८:४५ बजे १८५ वटा वर्षा मापन केन्द्रहरु (मानब संचालितः ६८ र स्वचालितः ११७) मा मापन गरिएको वर्षाको विवरण अनुसार १२४ वटा केन्द्रहरुमा वर्षा भएको छ (चित्र १)। उक्त केन्द्रहरु मध्ये सबै भन्दा बढि वर्षा (१०२ मि. मी.) धनकुटा जिल्लाको पाखिबास केन्द्रमा मापन गरिएको छ। वर्षा मापन भएका केन्द्रहरु मध्ये १ वटा केन्द्रमा १०० मि. मी. भन्दा बढि, ५ वटा केन्द्रमा ५० मि. मी. भन्दा बढि, १६ वटा केन्द्रमा २५ मि. मी. भन्दा बढी र ४८ वटा केन्द्रमा १० मि. मी. भन्दा बढि वर्षा मापन भएको छ ।




चित्र १: दैनिक वर्षा (छायांकित रंग) तथा केन्द्रको अवस्थिती (गोलाकार संकेत)

**वर्षा तथा जलवायु सम्बन्धि थप जानकारीको लागि www.dhm.gov.np/climate/मा हेर्नुहोस।**

## आगामी दुई दिनको मौसम पूर्वानुमान

**असोज ६ गते (मंगलबार)**

**दिउँसो** : देशभर सामान्यतया बदली रही देशका केही स्थानहरूमा मेघगर्जन/चट्याङ्ग सहित हल्का देखि मध्यम वर्षाको सम्भावना रहेको छ । प्रदेश नं १, प्रदेश २, बागमती प्रदेश, गण्डकी प्रदेशका थोरै स्थानमा भारी वर्षाको सम्भावना रहेको छ साथै प्रदेश नं १, प्रदेश नं २, बाग्मती प्रदेश, गण्डकी प्रदेश र प्रदेश ५ का केहि स्थानहरुमा हावाहुरीको सम्भावना रहेको छ ।

**राती** : देशभर सामान्यतया बदली रही केही स्थानहरूमा मेघगर्जन/चट्याङ्ग सहित हल्का देखि मध्यम वर्षाको सम्भावना रहेको छ । प्रदेश नं १, प्रदेश २, बागमती प्रदेश, गण्डकी प्रदेशका केही स्थानमा भारी वर्षा र प्रदेश नं १ का १/२ स्थानहरुमा धेरै भारी वर्षाको सम्भावना रहेको छ साथै प्रदेश नं १, प्रदेश नं २, बाग्मती प्रदेश, गण्डकी प्रदेश र प्रदेश ५ का केही स्थानहरुमा हावाहुरीको सम्भावना रहेको छ ।

**असोज ७ गते (बुधबार)**

**दिउँसो** : देशभर सामान्यतया बदली रही देशका केही स्थानहरूमा मेघगर्जन/चट्याङ्ग सहित हल्का देखि मध्यम वर्षाको सम्भावना रहेको छ । प्रदेश नं १, प्रदेश २, बागमती प्रदेश, गण्डकी प्रदेशका थोरै स्थानमा भारी वर्षाको सम्भावना रहेको छ साथै प्रदेश नं १, प्रदेश नं २, बाग्मती प्रदेश, गण्डकी प्रदेश र प्रदेश ५ का केही स्थानहरुमा हावाहुरीको सम्भावना रहेको छ ।

**राती** : देशभर सामान्यतया बदली रही धेरै स्थानहरूमा मेघगर्जन/चट्याङ्ग सहित हल्का देखि मध्यम वर्षाको सम्भावना र केही स्थानहरुमा भारी वर्षाको सम्भावना रहेको छ । गण्डकी प्रदेश, कर्णाली प्रदेश र सुदुर पश्चिम प्रदेशका १/२ स्थानहरुमा धेरै भारी वर्षाको सम्भावना रहेको छ साथै प्रदेश नं १, प्रदेश नं २, बाग्मती प्रदेश, गण्डकी प्रदेश र प्रदेश ५, कर्णाली प्रदेश र सुदुर पश्चिम प्रदेशका केही स्थानहरुमा हावाहुरीको सम्भावना रहेको छ ।

गणितिय मौसम पूर्वानुमानमा आधारित तीन दिनसम्मको मौसमको अवस्थाका लागि यो लिंकमा हेर्नुहोला ।
http://mfd.gov.np/nwp/#/nwp/Precipitation, http://mfd.gov.np/nwp/#/nwp/Wind